मितिः २०७९/१२/२२
समयः १:०० बजे

आज मिति २०७९ साल चैत्र महिनाको २२ गते बुधबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको दशौ बैठक बसी देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा उल्लेखित प्रस्तावमाथि छलफल गरियो ।

उपस्थितिः

| क.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिव थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री बैकुण्ठ प्रसाद सापकोटा | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | उपसचिव, अधिकृतस्तर दशौं श्री डण्डपाणी शर्मा | |
| २. | योजना तथा नक्सा शाखा प्रमुख | अधिकृतस्तर आठौं श्री मिनराज कोइराला | |
| ३. | आर्थिक प्रशासन शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर, सातौं श्री रामजी रायमाझी | |
| ४. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ५. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भुपेन्द्र बोहरा | |
| ६. | प्रशासन शाखा | अधिकृत छैटौं श्री शर्मिला पौडेल | |
| ७. | प्रशामन शाखा | अधिकृतस्तर छैटौं, श्री तुलसी आचार्य | |
| ८. | प्रशासन शाखा | प्रा.स. रामबाबु बस्नेत | |
| ९. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, मालती भण्डारी | |

CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०७९/१२/२२ गतेको दशौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं १, गोकर्णेश्वर नगरपालिका वडा नं ३ स्थित वालुवा स्वास्थ्य चौकीको भवन निर्माणका लागि जग्गा प्राप्ती सम्बन्धमा:

गोकर्णेश्वर नगरपालिका वडा नं ३ को वडा स्तरीय विपद व्यवस्थापन समितिको निर्णय, वालुवा स्वास्थ्य चौकी व्यवस्थापन समितिको निर्णय र वडा नं ३ स्थित सरोकारवाला व्यक्तीहरु सम्मिलित भेला, छलफल कार्यक्रम समेतको आधारमा वालुवा स्वास्थ्य चौकीको भवन निर्माण गर्नका लागि हाल उक्त स्वास्थ्य चौकी रहेको स्थानको नजिकैको नेपाल सरकारका नाममा रहेको साबिक वालुवा गा.वि.स. वडा नं २ग, हाल गोकर्णेश्वर नगरपालिका वडा नं ३ को कि.नं. ८१,८४ र ८ को क्रमशः क्षेत्रफल २-१२-०-०, १-६-०-० र १-१२-०-० गरी जम्मा क्षे.फ. ५-१४-०-० जग्गा दैवि प्रकोप व्यवस्थापनका लागि उपयोग गर्न आवश्यक नरहेको र स्वास्थ्य चौकीको सेवा प्रवाहको रुपमा उपयोग र संरक्षण नगरपालिकाले गर्ने प्रतिवद्धता सहित उल्लेखित जग्गाहरु वालुवा स्वास्थ्य चौकीको भवन निर्माण गर्न उपयोग गर्ने व्यवस्था (जग्गा प्राप्ती) मिलाइदिन हुन भनी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्री भूमी व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय, श्री स्वास्थ्य तथा जनसँख्या मन्त्रालय, श्रीं जिल्ला प्रशासन कार्यालय, काठमाडौं, श्री मालपोत कार्यालय,चावहिल र श्री नापी कार्यालय चावहिल लगायत सम्वन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं २, गोकर्णेश्वर नगरपालिका वडा नं ८ स्थित बेसीगाउँ शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि जग्गा प्राप्ती सम्वन्धमा:

गोकर्णेश्वर नगरपालिका वडा नं ८ को वडा स्तरीय विपद व्यवस्थापन समितिको निर्णय, बेसीगाउँ शहरी स्वाँस्थ्य केन्द्र व्यवस्थापन समितिको निर्णय र वडा नं ८ स्थित सरोकारवाला व्यक्तीहरु सम्मिलित भेला छलफल कार्यक्रम समेतको आधारमा बेसीगाउँ शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण तथा स्तरोन्नती गर्नका लागि हाल उक्त शहरी स्वास्थ्य केन्द्र रहेको स्थानको नजिकैको नेपाल सरकारका नाममा रहेको साविक जोरपाटी गा.वि.स. वडा नं ६, हाल गोकर्णेश्वर नगरपालिका वडा नं ८ को कि.नं.४ को सिट.न १०२- १०-३००१, क्षेत्रफल ३५०८.६० ब.मी. जग्गा दैवि प्रकोप व्यवस्थापनका लागि उपयोग गर्न आवश्यक नरहेको र शहरी स्वास्थ्य केन्द्रको स्वास्थ्य प्रवाहको रुपमा उपयोग र संरक्षण नगरपालिकाले गर्ने प्रतिवद्धता सहित उल्लेखित जग्गा बेसीगाउँ शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण गर्न उपयोग गर्ने व्यवस्था (जग्गा प्राप्ती) मिलाइदिन हुन भनी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्री भूमी व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय, श्री स्वास्थ्य तथा जनसँख्या मन्त्रालय, श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं, श्री मालपोत कार्यालय,चावहिल र श्री नापी कार्यालय चावहिल लगायत सम्वन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।



CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०७९/१२/२२ गतेको दशौं कार्यपालिका बैठकको निर्णय*

**निर्णय नं ३:- गोकर्णेश्वर नगरपालिकाको प्रशासनीक भवन निर्माणका लागि जग्गा प्राप्ती सम्बन्धमा।**

गोकर्णेश्वर नगरपालिका वडा नं ६स्थित सरोकारवाला व्यक्तीहरु सम्मिलित भेला छलफल कार्यक्रम समेतको आधारमा साविक जोरपाटी गा.वि.स. वडा नं ४ हाल गोकर्णेश्वर नगरपालिका वडा नं६ को कि.नं.५सिट नं. १०२-१०२९-१८ को क्षेत्रफल ~~२६५१.४०~~ ३६४५.४० व.मी. नेपाल सरकारको नाममा रहेको जग्गा दैवि प्रकोप व्यवस्थापनका लागि उपयोग गर्न आवश्यक नरहेको र नगरपालिकाको सेवा प्रवाहको रुपमा उपयोग र संरक्षण नगरपालिकाले गर्ने प्रतिवद्धता सहित उल्लेखित जग्गा गोकर्णेश्वर नगरपालिकाको प्रशासनीक भवन निर्माणका लागि गोकर्णेश्वर नगरपालिकाको प्रशासनीक भवन निर्माण गर्न उपयोग गर्ने व्यवस्था (जग्गा प्राप्ती) मिलाइदिन हुन भनी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्री भूमी व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय, श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं, श्री मालपोत कार्यालय,चावहिल र श्री नापी कार्यालय चावहिल लगायत सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ४:- राष्ट्रिय गौरवको योजनाको रुपमा योजना आयोगमा समावेश गर्न सांसदहरुलाई अनुरोध गर्ने सम्बन्धमा ।**

काठमाडौं महानगरपालिका वडा नं ६, बुढानिलकण्ठ नगरपालिका वडा नं ११ र १२, गोकर्णेश्वर नगरपालिका वडा नं ९ सीमा क्षेत्रको शिवमन्दिर देखि राष्ट्रिय शहिद पार्क सम्मको ३२ फिटे सडक स्तरोन्नती नभएको कारण आवतजावतमा कठिनाई भएकोले लागत ईष्टिमेट रु १,०८,१८,८७,३२९.१६ (अक्षरुपी एक अर्ब आठ करोण अठार लाख सतासी हजार तीन सय उन्नतीस रुपैया सोह पैसा मात्र) भएको महानगरपालिका वडा नं ६, बुढानिलकण्ठ नगरपालिका वडा नं ११ र १२, गोकर्णेश्वर नगरपालिका वडा नं ९ सीमा क्षेत्रको शिवमन्दिर देखि राष्ट्रिय शहिद पार्क सम्मको ३२ फिटे सडक खण्डको स्तरउन्नतीको लागि राष्ट्रिय गौरवको योजनाको रुपमा राष्ट्रिय योजना आयोगमा समावेश गर्नका लागि संघिय तथा प्रदेश सांसद ज्यूहरुलाई सिफारिस गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

*गोकर्णेश्वर नगरपालिकाको मिति २०७९/१२/२२ गतेको दशौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं ५:- सडक बोर्ड नेपालको स्थानीय सडक मर्मत संभार कार्यक्रम अन्तर्गतका योजनाहरु संशोधन सम्बन्धमा ।

मिति २०७९।०९।२५ कार्यपालिका बैठकमा सडक बोर्ड नेपाल, काठमाडौंको आ.व. २०७९/८० मा स्थानीय सडक मर्मत संभार कार्यक्रम अन्तर्गत यस नगरपालिकालाई रु ४८०००००।—(अक्षररुपी अठ्चालिस लाख रुपैया मात्र) विनियोजन भएकोमा उक्त बजेटबाट गर्ने गरी लेखिएका योजनाहरु संशोधन गरी तपसिल बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरिया ।साथै सडक बोर्ड नियमावली २०६० को नियम (९) बमोजिम नगरपालिकाले व्यहोर्नुपर्ने ३०% ले हुन आउने रकम रु २१०००००।— सडक, भवन र बस्ती विकासतर्फको समपुरक योजना शीर्षकबाट खर्च हुने गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | योजनाको नाम | लागत अनुमान रु | कैफियत |
|---|---|---|---|
| १. | अरुणोदय मा.वि. देखि का.म.न.पा. वडा नं. ६ सिमानासम्म जाने बाटो मर्मत वडा नं. ०९ | २२,६९,२७३।- | |
| २. | गोकर्ण — पिप्पले- महाँकाल- घट्ट बसपार्कजाने बाटो मर्मत वडा नं. ०३ | २४,८०,०००।- | |
| ३ | तारेभिर - ढाडफेदी सम्म सडक मर्मत | ५,६४०२८।- | |
| ४. | गणेश चोक देखि रमेश अधिकारीको घरसम्म जाने सडक मर्मत वडा नं. ०४ | १७,२४,७०५।- | |

गोकर्णेश्वर नगरपालिकाको मिति २०७९/१२/२२ गतेको दशौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं. ६:- आ.व. २०८०/०८१ को लागि सङ्घ र प्रदेशमा योजना माग गर्ने सम्बन्धमा:
यस नगरपालिका अन्तर्गत विभिन्न वडा र नगर अस्पतालको तपसिल बमोजिमको योजनाहरु सङ्घ र प्रदेशका सम्बन्धित मन्त्रालयमा सशर्त तर्फ वा सम्बन्धित मन्त्रालयबाट नै कार्यान्वयन हुने गरी माग गर्ने निर्णय गरियो।

| क.सं. | योजनाको नाम | वडा नं | लागत ईष्टिमेट | कैफियत |
|---|---|---|---|---|
| १ | मूलखर्क खानेपानी योजना । | १ | रु. ५०,००,०००/ | |
| २ | बनगाउँ खानेपानी योजना । | २ | रु. १,००,००,०००/- | |
| ३ | सुन्ताखान बृहत खानेपानी योजना । | ३ | रु. १,५०,००,०००/- | |
| ४ | देशे गाउँ खानेपानी योजना । | ४ | रु. ५०,००,०००/ | |
| ५ | सुन्दरीजल देखि मूलखर्क सडक स्तरउन्नती तथा कालोपत्रे गर्ने । | १ | रु. ५,००,००,०००/ | |
| ६ | रक्तकाली मार्ग हुँदै वि.पि. संग्रहालय जोड्ने सडक स्तरउन्नती गरी कालोपत्रे गर्ने। | १ | रु. २,००,००,०००/- | |
| ७ | वडा नं. ४ माइती नेपाल देखि वडा नं. २ पाखा चोक सडक कालोपत्रे गर्ने । | २ र ४ | रु. ३,००,००,०००/- | |
| ८ | सुन्ताखान तारभीर सडक स्तरउन्नती गर्ने । | ३ | रु. १,५०,००,०००/ | |
| ९ | वडा नं. १ र २ को गराडोलमा खेलकुद मैदान निर्माण गर्ने । | १ र २ | रु. २,००,००,०००/ | |
| १० | वडा नं. १, २ र ३ मा बाख्रापालन योजना । | १, २ र ३ | रु. १,००,००,०००/ | |
| ११ | वडा नं. १, २ र ३ मा बाढी पहिरो नियन्त्रण । | १, २ र ३ | रु. २,००,००,०००/ | |
| १२ | गोकर्णेश्वर नगर अस्पतालमा स्वास्थ्य संरचना निर्माण । | | रु. ३५,००,०००/ | |
| १३ | वडा नं. १, २ र ३ मा मौरी पालन, टिमुर खेति विकास | १, २ र ३ | रु. ५०,००,०००/ | |
| १४ | वडा नं १ को रमेश जिसिको घर देखि पाथिभरा पुल सम्म दुवै तर्फ वाल निर्माण गर्न | १ | ६०,५५,०००/ | |
| १५ | वडा नं १को कारखाना देखि रुप्सेटार जाने सडक कालोपत्रे गर्न | १ | ५५,६६,०००/ | |

*गोकर्णेश्वर नगरपालिकाको मिति २०७९/१२/२२ गतेको दशौं कार्यपालिका बैठकको निर्णय*

| | | | | |
|---|---|---|---|---|
| १६ | वडा नं २को नयाँपाटी गुठिपरिवारको उत्तरपट्टि पहिरो रोकथाम गर्न आ.र.सि सि वाल निर्माण गर्न | २ | ७५,५५,०००/ | |
| १७ | वडा नं २ को पाखाथोक पाद्मायन मार्ग सडक स्तरोन्ति | २ | ५५,८५,०००/ | |
| १८ | वडा नं २ को गाम्चा नयाँ बस्ति टोलको सुकलाल वि.क को घरदेखि अर्जुन सुनारको घर हुदै गाम्चा सामुदायिक स्वास्थ्य चौकि सम्मको सडक निर्माण गर्न | २ | ५१,४५,०००/ | |
| १९ | वडा नं २ को ज्यामिरेखोला पाखाथोक टारमा सडक निर्माण तथा सिँचाइको लागि पक्कि कुलो निर्माण गर्न | २ | ५३,८०,०००/ | |
| २० | वडा नं ३ को सिफारिस बमोजिम वनदेवि संरक्षण आरुखर्क उत्थान समाजको सामुदायिक भवन निर्माण गर्न | ३ | ४१,४८,१७०/ | |
| २१ | वडा नं ४ को कृष्ण खानेपानि देखि माछा पोखरी जाने सडकमा मेशिनरि वाल निर्माण गर्न | ४ | ६०,५९,०००/ | |
| २२ | वडा नं ५ को नयाँ बस्ति युवा क्लवको परिसर वरिपरि पर्खाल तथा जाली निर्माण गर्न | ५ | ५०,००,०००/ | |
| २३ | वडा नं ४ को सिफारिस बमोजिम श्याम थापाको घर देखि किरण केसिको बाटो सम्म वाल निर्माण | ४ | १९,४०,०००/ | |
| २४ | वडा नं ४ को सिफारिस बमोजिम देशे संग्राहालय पछाडि वाल निर्माण | ४ | ९,७०,०००/ | |
| २५ | वडा नं १ कार्यालयको सिफारिस बमोजिम रमेश जि.शिको घर अगाडि देखि पाथिभराको पुल सम्म दुइ तर्फि वाल निर्माण | १ | ४७,९४,३११/ | |
| २६ | वडा नं १ राक्सेखोला वडा स्तरिय बजेट मेशिनरि वाल निर्माण गरेकोमा बजेट अपुग भएकोले थप माग | १ | ३,९७,७००/ | |
| २७ | वडा नं ४ को सिफारिस बमोजिम माइति नेपाल श्याम थापाको घर अगाडि वाल निर्माण | ४ | १४,५५,०००/ | |
| २८ | वडा नं ४ को सिफारिस बमोजिम कृष्ट खानेपानि देखि माछापोखरि जाने बाटोमा मेशनरि वाल निर्माण | ४ | ४५,५९,०००/ | |

गोकर्णेश्वर नगरपालिकाको मिति २०७९/१२/२२ गतेको दशौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं ७:- मिरा राई इनिसियटिभ संस्थालाई गोरेटो दौड तालिम संचालन गर्न केहि संरचना निर्माण गर्न स्वीकृती दिने सम्बन्धमाः

गोकर्णेश्वर नगरपालिका वडा नं ३, साबिक बालुवा गा.वि.स. वडा नं ८ग को कि.नं४६ को क्षेत्रफल ६-१२-२-० को सार्वजनिक पर्ति जग्गामा मिति २०७९।१२।०८ को नवौ कार्यपालिका बाट रु. १५,००,०००।–विनियोजन भएको वडा नं३ गाम्चा खेलमैदान डि.पि.आर. तथा मैदान निर्माण योजनाको कार्य गर्ने र धावक मिरा राईको निवेदन माग अनुसार संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिष्ठान वा संस्थाहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धी संक्षिप्त मापदण्ड,२०७९ अनुसार मिरा राई इनिसियटिभ संस्थालाई आ.व. बजेटमा रु.७५,००,०००।– अनुदान रकम बिनियोजन भएको र संस्थाले उक्त अनुदान रकमबाट विविध विधाको गोरेटो दौडको तालिम संचालनका लागि केहि संरचना निर्माण गर्न जग्गा माग गरे अनुरुप सोही उल्लेखित जग्गामा जग्गा संरक्षणा समेत हुने गरी मिरा राई इनिसियटिभ संस्थालाई गोरेटो दौड तालिम संचालन गर्न केहि संरचना निर्माण गर्न स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं ८:- वडा नं ४ को गोकर्ण स्थानीय जात्राको लागि सडक बत्ती सम्बन्धमाः

स्थानीय संस्कृती तथा मौलिक जात्रा पर्वहरुको शहर गोकर्णमा बैशाख महिनाको शुरुवात देखि नै हप्ता दश दिन सम्म र साँझ विहान भरी जात्रा चल्ने र रथ यात्रा हुने भएको ले सडक बत्तीको आवश्यकता अति नै देखिएको हुँदा चालू आ.व.को नगरस्तरीय पुँजीगत तर्फको सडक बत्ती व्यवस्थापन शिर्षकबाट खर्च लेख्ने गरी रु.१०,००,०००।– को सडक बत्ती जडान गर्ने निर्णय गरियो ।

निर्णय नं ९:- योजना सँशोधन र सम्झौताको म्याद थप गरी योजना सँचालन सम्बन्धमाः

यस नगरपालिकाको चालू आ.व. को नगरस्तरीय पुँजीगत तर्फको वडा नं ८ ठकुरी टोल सुधार भित्र सडक कालोपत्रे बजेट रु.८,००,०००- को मिति २०७९।१२।३० मा सम्पन्न गर्ने गरी मिति २०७९।१०।१२ मा याजना सम्झौता भएकोमा उक्त योजना स्थलमा सडक कालो पत्रे नगरी सडकको पुरानी ढल फेरी मङ्गल निर्माण तथा वाल निर्माण गर्न उपर्युक्त भएकोले सोहि अनुसार योजना सँशोधन गरी सम्झौताको म्याद समेत थप गरेर योजना सँचालन गर्ने व्यवस्था मिलाइ पाउँ भनी वडा कार्यालयबाट अनुरोध भइ आएको र प्राविधिक प्रतिवेदन समेत सोही अनुरुप भएकोले सम्झौताको म्याद थप गरी उक्त योजना सँशोधन गरी सडकको पुरानी ढल फेरी मङ्गल निर्माण तथा वाल निर्माण योजना सँचालन गर्ने निर्णय गरियो ।

निर्णय नं १०:- मेची महाँकाली साइकल यात्रा अर्बुद रोग सचेतनाको खर्च अनुमोदन सम्बन्धमाः

चालू वर्षको नगर प्रमुख कार्यक्रमबाट मिति २०७९।११।०२ मा निर्यण भइ वडा नं ५ निबासी ध्रुव प्रसाद हुमागाँइ लाइ मेची महाँकाली जनचेतनामुलक साइकल यात्रा अर्बुद रोग सचेतना एवं सूचनाका लागि खर्च भएको रु.१,९९,६००।– अनुमोदन गरियो ।

*गोकर्णेश्वर नगरपालिकाको मिति २०७९/१२/२२ गतेको दशौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं ११:- नगरपालिकाको नगरस्तरीय तथा शाखागत चालू शिर्षकमा बिनियोजन भएका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुको बजेट रकमान्तर एवं संशोधन गरी नगरी नहुने अत्यावश्यक प्रकृतीका योजना तथा कार्यक्रमहरु संचालन तथा भुक्तानी गर्ने ।

देहायः

रु हजारमा

| क.सं. | साविकका योजना तथा कार्यक्रम | साविकमा बिनियोजित रकम | रकमान्तर रकम | संशोधित योजना तथा कार्यक्रम | संशोधित बिनियोजन रकम |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख विशेष रोजगारमुलक तालिम | ४००० | १९०० | १.वडा नं३बृहत खानेपानी आयोजनाको संक्षिप्त वातावरणिय अध्ययनको प्रतिवेदन तयार गर्न<br>२.वडा नं३तारेभिर लाइटिङ्ग आयोजनाको संक्षिप्त वातावरणिय अध्ययनको प्रतिवेदन तयार गर्न<br>३.वडा नं२राइटार खानेपानी आयोजनाको संक्षिप्त वातावरणिय अध्ययनको प्रतिवेदन तयार गर्न | १९०० |
| २ | प्रतिभा प्रदर्शनी कार्यक्रम | १००० | १००० | १.वडा नं १खानेपानी मुहानको अध्ययन | ५०० |
| | | | | २.वडा नं१क्षेत्रको पर्यटन अध्ययन | ५०० |
| ३ | नगर स्तरीय,महिला बालबलिका तथा समाज कल्याण, व्यक्तत्व बिकास प्रारम्भीक प्रशिक्षण तर्फको बिदेशी भाषा प्रशिक्षण | १२०० | १२०० | १.सुरेखा प्रोफेसनल ट्रेनिङ्ग सेन्टर मार्फत कोरियन भाषा शिक्षा संचालन | ७०० |
| | | | | २.जोरपाटी ब्याटमेन्टन क्लब द्वारा नगरस्तरीय ब्याटमेन्टन प्रतियोगिता संचालन | ५०० |
| ४ | सडक बत्ती व्यवस्थापन | ४००० | २५५० | १.वडा नं १ रामजानकी विद्यालय मुनीको खहरेको दोभानमा ग्याबिन वाल निर्माण | १००० |
| | | | | २.वडा न ८ बेसीगाउँ शहरी स्वास्थ केन्द्र ल्याव तथा OPD को आल्मुनियम कोठा | ७५० |
| | | | | ३.वडा नं१ रामजानकी विद्यालय मुनीको खहरेमा ह्युम पाइप राख्न । | ८०० |